निर्वाचन आयोग, नेपाल
ELECTION COMMISSION, NEPAL

प.सं. च.नं./Ref:

मिति : २०७७/१०/०७

निर्वाचन आयोग
नेपाल
२०२३

**प्रेस विज्ञप्ति**

काठमाडौं, माघ ७ गते ।

निर्वाचन आयोगसँग सम्बन्धित विद्यमान ऐन, नियम, निर्देशिका लगायतमा भएको व्यवस्था अनुसारको कार्यसम्पादन गर्ने क्रममा स्थानीय स्तरमा मतदाता नामावली संकलन तथा अद्यावधिक गर्ने, निर्वाचन तथा मतदाता शिक्षा कार्यक्रम, निर्वाचनसँग सम्बन्धित विभिन्न सूचना तथा सन्देशको सम्प्रेषण गर्ने लगायतका कार्यहरु सञ्चालन गर्न र आयोगबाट तोकिएका कार्यहरुमा आवश्यक सहयोग र समन्वयका लागि निर्वाचन आयोगले सबै प्रदेश र स्थानीय तहमा एक/एकजना सम्पर्क व्यक्ति तोक्ने निर्णय गरेको छ ।

उक्त निर्णयानुसार सबै प्रदेशमा निर्वाचन सम्बन्धी बिषयमा आवश्यक समन्वय गर्न सम्बन्धित मुख्यमन्त्री तथा मन्त्रिपरिषद् कार्यालयका सहसचिव वा सो सरहका एकजना कर्मचारीलाई निर्वाचन सम्पर्क व्यक्ति तोकी आयोगमा जानकारी गराउने व्यवस्थाका लागि नेपाल सरकार, प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयमा र स्थानीय तहमा शिक्षा वा सामाजिक बिषयसँग सम्बन्धित शाखाको प्रमुखलाई निर्वाचन सम्पर्क व्यक्ति तोकी आयोगमा जानकारी गराउने व्यवस्थाका लागि नेपाल सरकार, संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयमा अनुरोध गरिएको छ । साथै प्रदेश र स्थानीय तहमा रहने सम्पर्क व्यक्तिको कार्यविवरण समेत स्वीकृत गरेको छ ।

०७७/१०/७

(राजकुमार श्रेष्ठ)
सहसचिव एवम् प्रवक्ता